# स्थानीय राजपत्र


## हुप्सेकोट गाउँपालिकाद्धारा प्रकाशित

खण्डः (४), संख्या ७, हुप्सेकोट, मंसिर २९ गते सोमबार, २०७७ साल


# भाग १

## हुप्सेकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## झ्यालबास, नवलपरासी (बर्दघाट सुस्ता पूर्व),
## गण्डकी प्रदेश, नेपाल

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल उल्लेखित बमोजिमको ऐन सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## हुप्सेकोट गाउँपालिकाको नगर प्रहरीको गठन, सञ्चालन र व्यवस्थापन गर्ने सम्वन्धी ऐन, २०७७ को पहिलो संसोधन

हुप्सेकोट गाउँपालिका

**प्रस्तावना :**

हुप्सेकोट गाउँपालिका भरि सार्वजनिक सम्पतीको संरक्षण लगायत समुदायमा स्थानीय कानुनको परिपालना गराई सुव्यवस्था कायम राख्न गाउँपालिकाको आफ्नै नगर प्रहरी संगठन स्थापना र संचालन गर्न बान्छननीय भएकोले नेपालको संबिधान अनुसूची ८ (१) र धारा २२६ (१) द्वारा प्रदत्त अधिकारको प्रयोग गरि हुप्सेकोट गाउँसभाले हुप्सेकोट गाउँपालिकाको नगर प्रहरीको गठन, सञ्चालन तथा ब्यवस्थापन गर्न जारी गरिएको हुप्सेकोट गाउँपालिकाको नगर प्रहरीको गठन, सञ्चालन र व्यवस्थापन गर्ने सम्वन्धी ऐन २०७७ मा केहि संसोधन गर्नु पर्ने भएकोले यो संसोधन प्रस्ताब हुप्सेकोट गाउँसभाको नवौ अधिवेशनबाट पारित गरि प्रकाशन गरिएको छ ।

**१) हुप्सेकोट गाउँपालिकाको नगर प्रहरीको गठन, सञ्चालन र व्यवस्थापन गर्ने सम्वन्धी ऐन २०७७ मा संसोधन :**

**मौजुदा व्यवस्थाः** हुप्सेकोट गाउँपालिकाको नगर प्रहरीको गठन, सञ्चालन र व्यवस्थापन गर्ने सम्वन्धी ऐन २०७७ को दफा १० (नगर प्रहरीको आवश्यक योग्यता) को उपदफा १ (ख) मा नगर प्रहरी सहायक चौथो तह (हवल्दार) का लागि कुनै विषयमा माध्यमिक शिक्षा उत्तिर्ण गरी ४५ वर्ष ननाघेको भन्नि व्यवस्था रहेको उक्त दफा १० को उपदफा १ (ख) को सट्टा देहायको उपदफा १ (ख) राखिएको छ।

**संशोधितः** नगर प्रहरी सहायक चौथो तह (हवल्दार) का लागि एस.ई.ई. वा सो सरह उत्तिर्ण गरी ४५ वर्ष ननाघेको।

## परिच्छेद ४

## तह सृजना र पदपुर्ती :

**मौजुदा व्यवस्थाः** परिच्छेद ४ को दफा ८ उपदफा १ को (क) गाउँपालिका अध्यक्षले तोकेको निजामती सेवाको बाहालबाला वा सेवानिवृत्त राजपत्रांकित द्वितीय वा सोभन्दा माथिल्लो श्रेणीको कर्मचारी संयोजक

**संशोधितः** परिच्छेद ४ को दफा ८ को उपदफा १ को (क) गाउँपालिका अध्यक्षले तोकेको निजामती सेवाको बाहालबाला वा कम्तिमा कुनै प्रकारको राजपत्रांकित द्वितीय वा सोभन्दा माथिल्लो श्रेणी सरहको कार्यनुभव भएको - संयोजक

### परिच्छेद ४

**मौजुदा व्यवस्थाः** परिच्छेद ४ को दफा ८ उपदफा १ को (ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

**संशोधितः** परिच्छेद ४ को दफा ८ को उपदफा १ (ग) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत - सदस्य सचिव

### थप गर्नु पर्नेः

दफा ८ कः बाहालवाला कर्मचारीहरू संयोजक वा विज्ञको सरूवा वा अन्य कामकाजले जिम्मेवारी बहन गर्न नसक्ने अवस्था आएमा अध्यक्षले अर्कै व्यक्तिलाई संयोजक वा विज्ञ पूनः तोक्न सक्नेछ ।

**गाउँसभाबाट पारितः २०७७/०८/१९**
**प्रमाणीकरण मितिः२०७७/०८/२८**
**राजपत्रमा प्रकाशित मितिः २०७७/०८/२९**

**आज्ञाले,**
**कृष्ण सापकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**